annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक २३६ पृष्ठ ८ | काठमाडौं, मंगलबार १६ पुस २०८१ | पौष शुक्लपक्ष प्रतिपदा नेपाल संवत् ११४५ | TUESDAY, DECEMBER 31, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


कभर स्टोरी

# कस्ता हुनुपर्छ हाम्रा सहरहरू ?

पछिल्लो समय अत्यधिक बसाइँसराइका कारण तीव्र सहरीकरण भइरहेको छ। गाउँसहरमा रूपान्तरण हुने क्रम बढेको छ। सहरीकरणको विकाससँगै सहर कस्तो हुनुपर्छ भन्ने नीतिको अभाव खडकएको छ। यसका लागि सरकारले नयाँ राष्ट्रिय सहरी नीति ल्याएको छ। यो नीति व्यवस्थित, समावेशी र समृद्ध सहर निर्माणमा सहयोगी बन्न सक्नेछ।

**सुनिता कार्की** | *काठमाडौं*


– को रिपोर्ट




## विवादमै रेडक्रस

आईएफआरसी भन्छ- रेडक्रसको समिति हामी चिन्दैनौं।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*



अन्तर्राष्ट्रिय रेडक्रस महासंघ र रेड क्रिसेन्ट सोसाइटी (आईएफआरसी) ले नेपाल रेडक्रस सोसाइटीको वर्तमान नेतृत्वलाई मान्यता दिन अस्वीकार गरेको छ। पछिल्लो समय प्रा सुदर्शनप्रसाद नेपालको नेतृत्वमा ५६ सदस्यीय तदर्थ समिति बनेको छ। नेपाल र डा. नेत्रप्रसाद तिमिल्सिनाको नेतृत्वमा रहेको कार्यसमितिलाई समायोजन गरेर नयाँ समिति बनाइएको हो। नेपाल र तमिल्सिनाको दुवै समितिले यो भन्दाअघि समानान्तर गतिविधि गरिरहेको थियो। सरकारले सहमतिमा भनेर बनाएको समितिलाई पनि आईएफआरसीले नचिन्ने बताएको छ।

नयाँ कार्यसमितिका पदाधिकारी र सदस्यमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीको सहभागिता छ। सबै दलको भागबन्डामा यो समिति बनेको छ। आईएफआरसीका नेपाल प्रमुख डेभिड फिसरले पत्राचार गर्दै भनेका छन्, 'यो अवस्थामा अहिलेका कुनै समितिलाई चिन्दैनौं।'

» बाँकी पृष्ठ ३

## शान्तिका विश्व अभियन्ताको अवसान

**रामकला खड्का** | *काठमाडौं*

अमेरिकाका ३९औं राष्ट्रपति जिम्मी कार्टरको १०० वर्षको उमेरमा आइतबार जर्जियाको प्लेन्सस्थित निवासमा निधन भएको छ। उनले अमेरिकामा सन् १९७७ देखि १९८१ सम्म अमेरिकी राष्ट्रपतिको कार्यकाल पूरा गरेका हुन्। उनी अमेरिकाको इतिहासमा सबैभन्दा लामो समयसम्म जीवित रहने पूर्वराष्ट्रपति पनि हुन्। उनको पूरा नाम जेम्स अर्ल कार्टर जुनियर हो।

उनको फेब्रुअरी २०२३ देखि घरमै उपचार भइरहेको थियो। उनका ४ जना सन्तान, ११ जना नातिनातिना र १४ जना पनातिपनातिनी छन्। उनकी पत्नी रोजालिनको ९६ वर्षको उमेर गत वर्ष नोभेम्बरमा निधन भएको थियो।

बुबाको निधनमा शोक व्यक्त गर्दै उनका छोरा चिप कार्टरले भने, 'मेरो बुबा मेरा लागि मात्र होइन, शान्ति, मानव अधिकार र नि:स्वार्थ प्रेममा विश्वास गर्ने सबैका लागि नायक हुनुहुन्थ्यो।' उनले विश्वका मानिसलाई एकै ठाउँमा जोड्ने प्रयास गरेका कारणले विश्व नै आफ्नो परिवार रहेको पनि कार्टरका छोरा चिपले बताए।



सन् २००२ को नोबेल शान्ति पुरस्कार विजेता कार्टरले शान्ति निर्माताका रूपमा उल्लेखनीय भूमिका निभाएका छन्। अमेरिकी राष्ट्रपतिका रूपमा चार वर्ष गरेका महत्वपूर्ण कामले मात्र नभई हालसम्मको अवधिमा गरेका कामले उनलाई विश्वव्यापी वरिष्ठ नेता र मानव अधिकारकर्मीका रूपमा परिचित गराएको छ। अमेरिकी राष्ट्रपति जो बाइडेन र फस्ट लेडी जिल बाइडेनले उनको निधनमा एक विज्ञप्ति जारी गर्दै भनेका छन्, 'अमेरिका र विश्वले एक असाधारण नेता, राजनीतिज्ञ र मानवतावादी गुमाएको छ।'

राष्ट्रपति बाइडेनले कार्टरलाई महान चरित्र, साहसी र आशावादी व्यक्तिको संज्ञा दिँदै उनले सम्पूर्ण जीवन देश र भगवान्को सेवामा समर्पित गरेको जनाए। राष्ट्रपति बाइडेनले आगामी जनवरी ९ लाई राष्ट्रिय शोक दिवसको रूपमा मनाउने घोषणा गर्दै वासिङ्टनमा कार्टरको राजकीय अन्त्येष्टि पनि सोही दिन गरिने जनाएका छन्। उनले ३० दिनसम्म संयुक्त राज्य अमेरिकाको झन्डा पनि आधा झुकाउने निर्देशन दिएका छन्।

राष्ट्रपति-निर्वाचित डोनाल्ड ट्रम्पले कार्टर परिवारप्रति समवेदना जनाउँदै जिम्मीले राष्ट्रपतिको रूपमा रहँदा आफ्नो सम्पूर्ण शक्ति अमेरिकीहरूको जीवन सुधारमा प्रयोग गरेका ट्रुथ सोसलमा लेखेका छन्।

अमेरिकाका लागि पूर्वनेपाली राजदूत डा.अर्जुन कार्कीले अमेरिकी पूर्वराष्ट्रपति कार्टरको निधनले विश्वले एक असाधारण, मानवतावादी राजनीतिज्ञ गुमाएको बताएका छन्। आफूले राजदूत हुनु अगाडि र पछाडि पनि कार्टरसँग भेटेको प्रसंग निकाल्दै उनले नेपालमा मात्र नभई विश्वका थुप्रै देशमा पनि शान्ति प्रक्रियामा सहयोग पुऱ्याएका बताए।

» बाँकी पृष्ठ ३

## अमेरिकाद्वारा युक्रेनलाई २.५ अर्ब सुरक्षा सहायता

**वासिङ्टन** (एजेन्सी) : संयुक्त राज्य अमेरिकाले सोमबार युक्रेनका लागि २ अर्ब ५० करोड अर्ब डलरको सुरक्षा सहायता प्याकेजको घोषणा गरेको छ। राष्ट्रपति-निर्वाचित डोनाल्ड ट्रम्पले पदभार ग्रहण गर्नुअघि किएभलाई सहायता प्रदान गर्न वासिङ्टनले हतार गरिरहेको छ।

ट्रम्पको नोभेम्बरको चुनावी विजयले युक्रेनका लागि अमेरिकी सहायताको भविष्यमा शंका उत्पन्न गरेको छ। यसबाट अर्को महिना उनले शपथ ग्रहण गर्नुअघि पहिले नै स्वीकृत गरिएको अर्बौं डलरको सहायता वितरण गर्न सीमित समय प्रदान गरेको छ।

सोमबारको सहायतामा १ अर्ब २५ करोड डलरको सैन्य 'ड्रडाउन प्याकेज' समावेश छ। यसले पेन्टागनलाई अमेरिकी भण्डारबाट हतियार लिएर तिनलाई छिटो युद्धभूमिमा पठाउन अनुमति दिन्छ।


## उच्च शिक्षामा छोरीहरू अब्बल

**ममता थापा** | *काठमाडौं*

कुनै समय छोरीलाई शिक्षाबाट बञ्चित गरिन्थ्यो। तर, अहिले समय बदलिएको छ। छोरा र छोरीलाई समान शिक्षा दिन थालिएसँगै छोरीहरूले उत्कृष्ट उपलब्धि हासिल गरेका छन्। यसको जल्दोबल्दो उदाहरण हो : त्रिभुवन विश्वविद्यालयको ५०औं दीक्षान्त समारोह, जहाँ विभिन्न तहका २२ विद्यार्थीको स्वर्ण पदकको सूचीमा १७ जना छात्रा पर्नु हो।

दीक्षान्तमा २०८० असार १ देखि २०८१ जेठ मसान्तसम्म ट्रान्सक्रिप्ट लिई ६२औं ग्रेस लिस्टमा समावेश भएका ७४ हजार १ सय ४९ विद्यार्थीमध्ये १४,३०८ जना स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहमा विद्यार्थी दीक्षित हुनुका साथै विभिन्न विधामा सर्वोत्कृष्ट विद्यार्थीहरू विभिन्न पदक तथा पुरस्कारबाट विभूषित भए। हजारौंको भीडबाट १७ छोरी स्वर्ण पदकबाट विभूषित भए।

यसमध्यकी एक हुन्, सहिद स्मृति बहुमुखी क्याम्पस चितवनको शिक्षा संकाय स्नातकोत्तरकी सीताकुमारी श्रेष्ठ। जसले त्रिभुवन विश्वविद्यालयमध्यकै एमएड तहमा


आकृति झा


सीताकुमारी श्रेष्ठ


चेतना कुँवर


श्रेया काफ्ले

महिलाहरूमध्ये सर्वप्रथम अर्थात् सबैभन्दा बढी जीपीए ३.४५ ल्याएर त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा प्रधानमन्त्री केपी शर्मा ओलीको हातबाट शिल्पा विष्ट प्राज्ञिक उत्कृष्टता पुरस्कार हाँसिल गरिन्। आईएसी र बिएस्सी अध्ययन गरेकी उनी २०७३ सालमा सतुरमुखी मावि, चितवनमै शिक्षकमा नाम निकालेपछि उनले एमएड पढ्ने निधो गरेकी थिइन्। पढ्न सुरु गरेको पहिलो सेमेस्टरमै श्रीमान्को मृत्यु भयो। नाबालक छोराको जिम्मेवारी, शिक्षक पेसाका साथ एकल जीवन बिताएकी उनले पढाइलाई निरन्तरता दिएर जीवनमा अब्बल बनेरै छाड्ने दृढ संकल्पका कारण आज उनले यो सफलता हासिल गर्न सम्भव भएको सुनाउँछिन्।

» बाँकी पृष्ठ ३

